# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २३ मितिः २०८३।१।२९

## भाग — २

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# ५०/५० प्रतिशत लागत साझेदारी योजना कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** कागेश्वरी मनोहरा नगरपालिका समग्र विकासमा उपभोक्ता तथा लाभग्राही सहभागिता सुनिश्चित गरी विकास व्यवस्थापन गर्न कार्यविधि बनाउन वाञ्छानीय भएकोले नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमन गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कागेश्वरी मनोहरा नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"५०/५० प्रतिशत लागत साझेदारी योजना कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यस कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ज) "नगद सहभागिता" भन्नाले योजना संचालनको लागि नगरपालिकाको बैंक खातामा दाखिला गरिएको रकम सम्झनु पर्दछ ।

## परिच्छेद — २

## ५०/५० प्रतिशत साझेदारीबाट कार्यान्वयन हुने योजना

३. संघीय सरकार/प्रदेश सरकार तथा यस कागेश्वरी मनोहरा नगरपालिकाबाट विनियोजन नभएको सामुहिक रुपमा उपभोक्तालाई लाभ हुने योजना ५०/५० प्रतिशत लागत साझेदारीमा काम हुने योजनाहरु गरिनेछ ।

४. नगरपालिका भित्र सिसिटिभि स्ट्रिटलाईट सम्वन्धि योजनाहरु कार्यान्वयन गरिनेछ ।

५. व्यक्तिगत तथा व्यवसायिक लाभ हुने क्षेत्रमा योजना कार्यान्वयन हुने छैन ।

## परिच्छेद — ३

**६. ५०/५० प्रतिशत योजना कार्यान्वयन प्रक्रिया**

**क.** ५०/५० प्रतिशत योजनाको लागि उपभोक्ताले लागत अनुमानको ५० प्रतिशत रकम बेहोर्नु पर्नेछ भने नगरपालिकाले लागत अनुमानको ५० प्रतिशत रकम बेहोर्नेछ ।

**ख.** २० लाख सम्मको लागत अनुमानको योजनामा ५० प्रतिशत रकम अग्रिम रुपमा नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्दछ भने २० लाख भन्दा बढी लागत अनमान भएको योजनामा ३० प्रतिशत अग्रिम रुपमा नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ र २० प्रतिशत रकम बराबरको जनश्रमदान गर्नुपर्दछ ।

ग. ५०/५० प्रतिशत योजना कार्यान्वयनको लागि देहायको कागजपत्र सहित नगरपालिकामा पेश गर्नुपर्दछ ।

- उपभोक्ता समितिको गठन निर्णय
- नगद सहभागिताको संकल भौचर
- लागत अनुमान
- वडाको सिफारिस
- उ.स. नागरिकताको फोटोकपी
- कम्तीमा ३ सदस्यको एकिकृत सम्पत्ति कर तिरेको रसिद

**घ.** ५०/५० प्रतिशत योजनाको स्विकृत एकमुष्ठ विनियोजित बजेटको अधिनमा रही नगरबासीको मागको आधारमा नगर प्रमुखबाट कार्यक्रम तथा बजेट स्विकृत हुनेछ ।

## परिच्छेद — ४

## ५०/५० प्रतिशत योजनाको भुक्तानी प्रक्रिया

७. ५०/५० प्रतिशत लागत अनुमानका योजनाहरुको पेश्की उपलव्ध गराउदा कुल अनुमानित लागतको २५ प्रतिशतसम्म कार्यालयको निर्णय बमोजिम पेश्की रकम उपलव्ध गराउन सकिनेछ ।

८. ५०/५० प्रतिशत योजनाको भुक्तानी योजना सम्पन्न पश्चात प्राविधिक बिल भर्पाइ, वडाको सिफारिस, अनुगमन प्रतिवदेनको आधारमा हुनेछ ।

९. २० लाख भन्दा माथिको योजनामा प्राविधिको सिफारिसमा कार्यालयलाई मनासिब लागेमा रनिङ बिल दिन सकिनेछ ।

................................

आज्ञाले

पुरुषोत्तम सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत मितिः२०८१।३।२६ को दशौ नगरसभा

प्रमाणिकरण मितिः २०८१।३।२६